बैंठक संख्या:- ३२

आज मिति २०८२/०७/३० गते सोलुदुधकुण्ड नगरपालिकाका नगरप्रमुख श्री नाम्गेल जाङ्बु शेर्पाज्यूको अध्यक्षतामा तपसिलका नगरकार्यपालिकाका पदाधिकारीज्यूहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैंठक बसि तपसिल वमोजिमको निर्णय गरियो।

तपसिल

| सि.नं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नाम्गेल जाङ्बु शेर्पा | नगर प्रमुख | |
| २. | श्री गान्धी माया तामाङ | नगर उप- प्रमुख | |
| ३. | श्री टुक्ती शेर्पा | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री छोङबा शेर्पा | वडा अध्यक्ष, वडा नं. १ | |
| ५. | श्री ङवाङ ठिले शेर्पा | वडा अध्यक्ष, वडा नं. २ | |
| ६. | श्री ल्हाक्पा गेलु शेर्पा | वडा अध्यक्ष, वडा नं. ३ | |
| ७. | श्री युवास तामाङ | वडा अध्यक्ष, वडा नं. ४ | |
| ८. | श्री मिङमार तामाङ | वडा अध्यक्ष, वडा नं. ५ | |
| ९. | श्री फुर्वा ग्याल्जेन शेर्पा | वडा अध्यक्ष, वडा नं. ६ | |
| १०. | श्री सोनाम ग्याल्जेन शेर्पा | वडा अध्यक्ष, वडानं. ७ | |
| ११. | श्री पासाङ कटुवाल | वडा अध्यक्ष, वडा नं. ८ | |
| १२. | श्री धनराज तामाङ | वडा अध्यक्ष, वडानं. ९ | |
| १३. | श्री होम बहादुर मगर | वडा अध्यक्ष, वडा नं. १० | |
| १४. | श्री टंक बहादुर कार्की | वडा अध्यक्ष, वडा नं. ११ | |
| १५. | श्री पेलु लामा | नगरकार्यपालिका सदस्य | |
| १६. | श्री अन्जु श्रेष्ठ | नगरकार्यपालिका सदस्य | |
| १७. | श्री मिना खत्री बस्नेत | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री शान्ती वि.क. | नगरकार्यपालिका सदस्य | |
| १९. | श्री कुलध्वज घर्तिमगर | नगरकार्यपालिका सदस्य | |
| २०. | श्री आङ काजी शेर्पा | नगरकार्यपालिका सदस्य | |
| २१. | श्री निर कुमार नेपाली | नगरकार्यपालिका सदस्य | |
| २२. | | | |
| २३. | | | |

मितिः- २०८२/०७/३० गते आइतवार
समयः- विहान ११:०० बजे
स्थानः- नगरप्रमुखज्यूको कार्यकक्ष
बैठक संख्याः ३२

<table>
<tr><th>सि.नं.</th><th>प्रस्ताव</th><th>निर्णय</th></tr>
<tr><td>१.</td><td>दुई पाङ्ग्रे सवारी साधनको वार्षिक मर्मत खर्च सम्वन्धमा</td><td>नगरपालिकाको स्वामित्वमा रहेका सरकारी दुई पाङ्ग्रे सवारी साधनहरूको नियमित सञ्चालन, संरक्षण तथा मर्मतका लागि आवश्यक खर्च व्यवस्थापन गर्ने उद्देश्यले सो सवारी साधन प्रयोगकर्ता पदाधिकारी तथा कर्मचारीलाई सवारी साधनको मर्मत सम्भार खर्च वापत वार्षिक रु. २०,०००/-(अक्षरेपी रू. बीस हजार मात्र) एकमुष्ट रूपमा उपलब्ध गराउने</td></tr>
<tr><td>२.</td><td>पुस्तक प्रकाशन वापतको भुक्तानी रकम अनुमोदन गर्ने सम्वन्धमा</td><td>पर्यटन प्रवर्धनका लागि नगरपालिका क्षेत्रभित्रका प्राकृतिक, साँस्कृतिक र धार्मिक रुपमा पर्यटकीय स्थलहरुको फोटोग्राफी सहितको पुस्तक प्रकाशन वापतको एस.एम.डी. स्मार्ट प्रा.लि.लाई कार्यालयको पर्यटन शीर्षकवाट भुक्तानी भएको रकम रु. ९,९२,१४०/- रकम अनुमोदन गर्ने सम्वन्धमा</td></tr>
<tr><td>३.</td><td>कृषि यान्त्रीकरण प्रवर्धन कार्यक्रमको लागि वडा छनौट गर्ने सम्वन्धमा</td><td>कृषकहरूलाई आधुनिक कृषि यन्त्र मेशिनरीको पहुँच र तालिम उपलब्ध गराउने/उद्धेश्यले कृषि यान्त्रीकरण प्रवर्धन कार्यक्रम अन्तर्गत यस आर्थिक वर्षमा कार्यक्रम संचालनका लागि तपसिलमा उल्लेखित वडाहरु छनौट गरी कार्य अघि बढाउने।
<table>
<tr><th>सि.नं</th><th>कार्यक्रम सञ्चालन हुने वडा</th><th>विनियोजित बजेट</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>वडा नं. ३,५,७ र ९</td><td>रु. ३०,००,०००/-</td><td></td></tr>
</table></td></tr>
<tr><td>४.</td><td>आलु खेती प्रवर्धन कार्यक्रमको लागि वडा छनौट गर्ने सम्वन्धमा</td><td>नगरपालिका क्षेत्र भित्र कृषकहरूलाई आलु खेती सम्बन्धी प्राविधिक सहयोग, बीउ वितरण, तालिम सञ्चालन, आवश्यक स्रोत साधन उपलब्धता र कृषकहरूको आय बृद्धि गर्ने उद्देश्यले आलु खेती प्रवर्धन कार्यक्रम सञ्चालन गर्न यस वर्षका लागि वडा नं १ लाई छनौट गर्ने
<table>
<tr><th>सि.नं</th><th>कार्यक्रम सञ्चालन हुने वडा</th><th>विनियोजित बजेट</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>वडा नं. १</td><td>रु. ५,००,०००/-</td><td></td></tr>
</table></td></tr>
<tr><td>५.</td><td>रैथाने बाली प्रवर्धन कार्यक्रमको लागि वडा छनौट गर्ने सम्वन्धमा</td><td>स्थानीय कृषकहरुलाई परम्परागत रैथाने बाली जस्तै धान, मकै, गहुँ, आलु, तरकारी र अन्य मौसमी बालीको संरक्षण, सुधार, तथा प्रवर्धन गर्ने उद्धेश्य सहित कृषकहरुलाई गुणस्तरीय विउ, आधुनिक खेती प्रविधि, सिंचाइ व्यवस्थापन, माटो सुधार र रोगकीरा नियन्त्रण सम्बन्धी / प्रशिक्षण उपलब्ध गर्नका लागि नगरपालिकाको स्वीकृत बजेट अनुसार रैथाने बाली प्रवर्धन कार्यक्रम सञ्चालन गर्नका लागि तपसिलको वडा छनौट गर्ने
<table>
<tr><th>सि.नं</th><th>कार्यक्रम सञ्चालन हुने वडा</th><th>विनियोजित बजेट</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>वडा नं. ४</td><td>रु. ६,७५,०००/-</td><td></td></tr>
</table></td></tr>
<tr><td>६.</td><td>सडक ढलानका लागि वजेट विनियोजन सम्वन्धमा</td><td>जिल्ला कारागार कार्यालयदेखि थेक्छेन पेमा छोलिङ गुम्वासम्मको सडक ढलान कार्यका लागि नगरपालिकाको प्राविधिक शाखा तथा आर्थिक प्रशासन शाखाको समेत राय लिइ आवश्यक योजना, खरिद प्रक्रिया र समयतालिका तयार गरी कार्यन्वयन गर्ने गरी उपलब्ध स्रोतको आधारमा आवश्यक वजेट विनियोजन गरी कार्यान्वयन गर्ने</td></tr>
</table>

| | | |
|---|---|---|
| ७. | सेवा सुविधा रकम भुक्तानी गर्ने सम्वन्धमा | यस कार्यालयमा कार्यरत इन्जिनियर श्री दिनेश कुमार राईले स्वेच्छिक रुपमा दिएको राजीनामा स्वीकृत भएको र निजको अवकाश पछिको संचित विदा उपदान, सेवा सुविधा र अन्य भुक्तानी गर्नु पर्ने भएको, तर हाल कार्यालयको कर्मचारी कल्याण कोषमा प्रयाप्त रकम अभाव भएकोले तत्काल भुक्तानी गर्न असम्भव भएकोले सो रकम भुक्तानीका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा आवश्यक स्वीकृति र वित्तीय व्यवस्था सुनिश्चित गर्न लेखी पठाउने |
| ८. | नवप्रवर्तन साझेदारी परियोजना कार्यक्रम सम्वन्धमा | नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ बमोजिम कोशी प्रदेश सरकार र सोलुदुधकुण्ड नगरपालिकाको लागत साझेदारीमा संचालन गरिने नवप्रवर्तन साझेदारी परियोजना कार्यक्रमका लागि यस नगरपालिका अन्तर्गत वडा नं. ७ मा अवस्थित नुम्बुर भोकेशनल ट्रेनिङ सेन्टरलाई कार्यक्रम कार्यान्वयन संस्थाका रूपमा छनौट गर्ने साथै यस परियोजना सञ्चालनका लागि कार्यविधिमा उल्लेख भए बमोजिम कोशी प्रदेश सरकार र नगरपालिकाबीचको साझेदारी लागत अंशमध्ये नगरपालिकाबाट व्यहोर्नुपर्ने साझेदारी लागत (matching fund) तथा आवश्यक थप स्रोत व्यवस्थापन यस नगरपालिकाले गर्ने |
| ९. | विद्यालयको सिढी निर्माण सम्वन्धमा | सोलुदुधकुण्ड नगरपालिकाको वडा नं ३ स्थित पिके मा.वि.मा बालमैत्री स्थानीय शासनका लागि आवश्यक पूर्वाधार अन्तर्गत विद्यालयमा विद्यार्थीहरुको सहजताका लागि सिढी निर्माण अति आवश्यक भएकाले उक्त कार्यका लागि योजनामा वजेट विनियोजन व्यवस्था नभएको नरहेकाले वडा नं ३ को आ.व. २०८२/०८३ का लागि नगरसभा मार्फत विनियोजित भै परी आउने तथा विपद शीर्षकबाट रू. १,५०,०००/- (एक लाख पचास हजार) मात्र विनियोजन गरी उक्त कार्य सम्पन्न गराउने |
| १०. | वेरुजु सम्वन्धमा | आ.व. २०८१/०८२ मा ठेक्का भइ नयाँवजार हाटवजार निर्माणको रु. १,१७,८९,०५०/०४ रकममा ठेक्का सम्झौता भएकोमा सो योजनाको विल भुक्तानी हुँदा प्रदेश सरकार तर्फको ६५% र नगरपालिकाको ३५% Ratio मा खर्च हुनु पर्नेमा सो आयोजनाको दोस्रो रनिङ विलसम्म भुक्तानी हुँदा प्रदेश सरकार तर्फ रु. ७६,६२,८८२/३२ खर्च गर्न पाउनेमा रु. ७९,२२,११८/- प्रदेश शशर्त तर्फवाट नै खर्च भई रु. २,५९,२३५/- वढी खर्च भएको हुनाले सो रकम प्रदेश संचित कोषमा फिर्ता दाखिला गर्न वेरुजु कायम भएकोमा उक्त वेरुजु रकम आव २०८२/०८३ को नयाँवजार हाटवजार पूर्वाधार निर्माण शीर्षकवाट खर्च लेखी दाखिला भएकोमा सो को अनुमोदन गर्ने |
| ११. | विस्तृत परियोजना प्रस्ताव स्वीकृत सम्वन्धमा | सोलुदुधकुण्ड नगरपालिका वडा नं. ५ मा प्रस्तावित टासी छोलिङ गुम्वाको निर्माण कार्यका लागि पेश भएको विस्तृत परियोजना प्रस्ताव DPR स्वीकृत गर्ने |
| १२. | सम्पर्क व्यक्ति सम्वन्धमा | नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ बमोजिम कोशी प्रदेश सरकार र सोलुदुधकुण्ड नगरपालिकाको लागत साझेदारीमा संचालन गरिने नवप्रवर्तन साझेदारी परियोजना कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि सो कार्यक्रम सम्बन्धी आवश्यक समन्वय, पत्राचार तथा सम्पूर्ण कार्य सञ्चालनका लागि यस नगरपालिकाका अधिकृतस्तर आठौं श्री राम कुमार खड्कालाई कार्यक्रम सम्बन्धी सम्पर्क व्यक्ति (Focal Person) रूपमा तोक्ने |

<table>
<tr><td>१३</td><td>विस्तृत परियोजना DPR सम्वन्धमा</td><td>यस सोलुदुधकुण्ड नगरपालिकामा आवश्यक प्राविधिक तथा दक्ष जनशक्ति अभाव भई नगर क्षेत्रमा कार्यान्वयन गरिने देहायका पूर्वाधार विकास आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) समयमै तयार गर्न कठिनाइ परेको हुँदा सोको व्यवस्थापन गर्न आवश्यक देखिएकोले DPR तयार गर्नका लागि स्वीकृत बार्षिक बजेट शीर्षक अन्तर्गत आवश्यक खर्च व्यवस्थापन गर्ने गरी तपसिलमा उल्लेखित आयोजनाहरुको DPR तयारी कार्य बाह्य प्राविधिक विशेषज्ञ/कन्सल्टेन्सी फर्म मार्फत गराउने<br>तपसिल
<table>
<tr><th>सि.नं</th><th>आयोजनाको नाम</th><th>ठेगाना</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>स्वर्णिम आ.वि. थातेङ</td><td>वडा नं. ६</td><td></td></tr>
<tr><td>२.</td><td>भिमसेनथान मा.वि. मुडे</td><td>वडा नं.११</td><td></td></tr>
<tr><td>३.</td><td>जलेश्वरी आ.वि. तिङला</td><td>वडा नं.११</td><td></td></tr>
<tr><td>४.</td><td>वेनी स्वास्थ्य चौकी जुनवेसी</td><td>वडा नं.२</td><td></td></tr>
</table></td></tr>
<tr><td>१४</td><td>योजनाको नाम संशोधन</td><td>आ.व. २०८२/०८३ का लागि वस्ती विकास कार्यक्रम अन्तर्गत शर्सत अनुदानवाट तासी छ्योलिङ गुम्बा सोलुदुधकुण्ड नगरपालिका- ५ परिसरमा पूर्वाधार निर्माणका लागि रु ७०,००,०००.००।- बजेट प्राप्त हुन आएकोमा उक्त स्थानमा हाल गुम्बा निर्माण नै नभएको अवस्थामा रहेकोले शिर्षक परिवर्तन गरी नयाँ गुम्बा निर्माण गर्न समितिवाट अनुरोध प्राप्त हुन आएको र सो प्राप्त बजेटको मूल उद्धेश्य गुम्बाको पूर्वाधार निर्माण नै रहेको हुनाले मूल उद्धेश्यमा फरक नपर्ने देखिएकोले शिर्षक संशोधनका लागि सिफारिस गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>१५</td><td>आयोजना / कार्यक्रम माग गर्ने सम्बन्धमा ।</td><td>आ.व. २०८३/०८४ को लागि संघीय समपुरक तथा बिशेष अनुदान शीर्षक साथै प्रदेश समपूरक अन्तर्गत सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि तपसिल बमोजिमको योजनालाई प्राथमिकताको आधरमा पेश गर्ने ।
<table>
<tr><th>क्र.स</th><th>आयोजना/कार्यक्रम</th><th>सञ्चालन हुने स्थान</th></tr>
<tr><td>१</td><td>भित्ताखर्क सोलुखोला सडक पुल निर्माण</td><td>वडा नं. ७,</td></tr>
<tr><td>२</td><td>सोलुखुम्बु बहुमुखी क्याम्पस (furniture, Boundary)</td><td>सो.दु.पा.-५,सल्लेरी</td></tr>
<tr><td>३</td><td>मोपुङ वस्तिमा पर्यटकीय पूर्वाधार निर्माण</td><td>वडा नं. २</td></tr>
<tr><td>४</td><td>वर्षातको ढल/नाला व्यवस्थापन</td><td>वडा नं.१,३ र ८</td></tr>
<tr><td>५</td><td>सानो दुधकुण्ड मन्दिर पूर्वाधार निर्माण</td><td>वडा नं. ४</td></tr>
</table></td></tr>
<tr><td>१६</td><td>सडक मर्मत सम्वन्धमा</td><td>सोलुदुधकुण्ड नगरपालिकाका उपप्रमुख श्री गान्धीमाया तामाङको अध्यक्षतामा मिति २०८२/०४/२५ गते बसेको बैठकको निर्णय तथा सिफारिसका आधारमा सोलुदुधकुण्ड नगरपालिकाको जिल्ला कारागार कार्यालयदेखि सल्लेरी च्याल्सा जलविद्युत कम्पनीसम्मको शाखा सडक अत्यधिक वर्षाका कारण विभिन्न स्थानमा भासिई यातायातको नियमित सञ्चालनमा अवरोध उत्पन्न भएको हुँदा उक्त सडक तत्काल मर्मत सम्भार गर्नु आवश्यक देखिएकोले उक्त सडक मर्मत कार्य सोलुदुधकुण्ड नगरपालिका सल्लेरी च्याल्सा जलविद्युत कम्पनी, डिभिजन वन कार्यालय तथा स्थानीय सरोकारवाला उपभोक्ताहरूको समेत लागत सहभागितामा सञ्चालन गर्ने र यस कार्यालयको विपद् व्यवस्थापन शीर्षकबाट रु. ४,००,०००/- (अक्षरेपी चार लाख रुपैयाँ मात्र) विनियोजन गर्ने</td></tr>
</table>